# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, पुस १ गते २०४३ साल (अतिरिक्ताङ्क ३८

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

#### कारागार (छैठौं संशोधन) नियमावली, २०४३

कारागार नियमावली, २०२० लाई संशोधन गर्न वान्छनीय भएकोले, कारागार ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "कारागार (छैठौं संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. कारागार नियमावली, २०२० को नियम १३ मा संशोधनः कारागार नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १३ मा रहेको "सोही नजिक प्रहरी थानालाई जानकारी दिना निमित्त डी.एस.पी. कार्यालय भएकोमा सम्बन्धित डी.एस.पी. कार्यालयमा र सो नभएमा जि.प्र.ई.आ.मा र सो पनि नभएमा थानालाई जनाउ दिनुपर्छ ।" भन्ने वाक्यांशको सट्टा "सोही इलाकाको जिल्ला प्रहरी कार्यालयलाई जानकारी दिनुपर्छ ।" भन्ने वाक्यांश राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ :–

"२३. सिधासम्बन्धी व्यवस्थाः कारागारमा थुनिएका देहायका थुनुवा वा कैदीहरूलाई प्रत्येक दिन देहायबमोजिम सिधा दिइनेछ।

| थुनुवा वा कैदी | सिधा |
|---|---|
| (क) "क" श्रेणी– | मसिनो चामल सातसय ग्राम र चार रूपैयाँ। |
| (ख) "ख" श्रेणी– | मोटो चामल सातसय ग्राम र तीन रूपैयाँ। |
| (ग) नाबालकः– | |
| (१) सात महिनादेखि एक वर्षसम्मको – | चामल एकसय ग्राम र पचहत्तर पैसा। |
| (२) एक वर्षदेखि माथि तीन वर्षसम्मको – | चामल एकसय पचास ग्राम र पचहत्तर पैसा। |
| (३) तीन वर्षदेखि माथि पाँच वर्षसम्मको – | चामल दुईसय ग्राम र पचहत्तर पैसा। |
| (४) पाँच वर्षदेखि माथि सात वर्षसम्मको – | चामल दुईसय पचास ग्राम र पचहत्तर पैसा। |
| (५) सात वर्षदेखि माथि बान्ह वर्षसम्मको – | चामल चारसय पचास ग्राम र पचहत्तर पैसा। |
| (६) बान्ह वर्षदेखि माथिको – | चामल छसय ग्राम र एक रूपैयाँ। |

४. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छ।

"२४. सुत्केरीलाई थप सिधासम्बन्धी व्यवस्थाः खोर तथा कारागारमा थुनिएका जनाना थुनुवा वा कैदी सुत्केरी भएमा सुत्केरी उतार्न नियम २३ बमोजिम

५३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

दिइने सिधा बाहेक सुत्केरी भएको मितिले साठी दिनसम्म देहायबमोजिम थप सिधा र सामान दिइनेछ :–

(क) मसिनो चामल प्रतिदिन चारसय ग्राम,

(ख) ध्यु प्रतिदिन एकसय ग्राम,

(ग) खाने तेल प्रतिदिन एकसय मिलिलिटर,

(घ) ज्वानो प्रतिदिन पचास ग्राम,

(ङ) कोरा कपडा एक सुत्केरी अवधिको लागि पाँच मिटर,

(च) साधारण राडी एक सुत्केरी अवधिको लागि एक थान,

(छ) एक सुत्केरी अवधिको लागि एकसय रूपैयाँ नगद ।"

५. मूल नियमावलीको नियम २५ मा संशोधनः मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छ :–

"२५. चौकिदारलाई थप सुविधासम्बन्धी व्यवस्था : कारागारका बन्दी वा कैदी मध्येबाट रहने चौकिदार, नाइके र भाइ नाइकेलाई नियम २३ बमोजिम दिइने सिधा बाहेक देहायबमोजिम थप सुविधा दिइनेछ :–

(क) चौकिदारलाई प्रतिदिन पचहत्तर पैसा ।

(ख) नाइकेलाई प्रतिदिन साठी पैसा ।

(ग) भाइ नाइकेलाई प्रतिदिन पैंतालीस पैसा ।"

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

४३१



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।